मो.नं.९८५५०११११४

# बहुदरमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बहुअरी पिडारी , पर्सा
प्रदेश नं. २, नेपाल

पत्र संख्या :०७५।०७६
च.नं :-

मिति :२०७६।३।१०

## विषय: २०७४/२०७५ को लेखा परिक्षण प्रतिवेदन ।

**यस बहुदरमाई नगरपालिका को कार्यालय बहुअरी पिडारी , पर्साको आर्थिक बर्ष २०७४/२०७५ का बार्षिक महालेखा परिक्षण प्रतिवेदन तल् प्रकाशित गरिएको छ।**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद निर्देशनालय
लेखापरीक्षण डोरमुकाम, पर्सा ।

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:
च.नं. २५

मितिः २०७५।०९।०९

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
बहुदरमाई नगर नगरकार्यपालिकाको कार्यालय,
पर्सा ,वीरगञ्ज ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।०९।९ मा छलफल पश्चात् तयार गरिएको पाना १६(सोह्र) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(जयराम घिमिरे)
निर्देशक

**बोधार्थ तथा कार्यार्थः**

श्री संघिय मामिला तथा सामान्य प्रसासन मन्त्रालय,
सिहंदरवार, काठमाण्डौं .:- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
पर्सा, वीरगञ्ज :- प्रतिवेदन संलग्न छ ।

# आर्थिक कारोबारको स्थितिः

कार्यालय र स्थानःश्री वहुदरमाई नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, पर्सा

आर्थिक वर्षः २०७४।७५

| पद | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुखः | का.अ. सुजित कुमार साह | २०७४।४।१ | २०७४।८।३० | ३०६५०९५/- |
| | नि.प्र प्र अ.भानुभक्त वराल | २०७४।९।१ | २०७५।१।३० | |
| | प्र.प्र अ. विष्णु वहादुर अधिकारी | २०७५।२।१ | २०७५ आषाढ मसान्त | |
| लेखा प्रमुख : | स.ले.पा. गौरी शंकर चौधरी | २०७४।४।१ | २०७४।८।३० | |
| | ले.अ.दिनेश प्रसाद पण्डित | २०७४।९।१ | २०७४।११।३० | |
| | ले.पा हरिकृष्ण वराल | २०७४।१२।१ | २०७५ आषाढ मसान्त | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | लेखापरीक्षण अनुवन्ध पत्र तथा अन्य विवरण समेतलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका आन्तरराष्ट्रिय मापदण्ड तथा मार्ग दर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्ने सकिने आधार तथा कार्यालयले निर्धारण गरेको जोखिममा आधारित रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग २०७५/९/९ मा छलफल भएको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा निम्नानुसार छन् । :- | | |
| | **परिचय** :स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न बहुदरमाई नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालीका अर्न्तगत ९ वडा रहेको ४९ नगरसभा सदस्य, ३१.५४ व.की.मी.क्षेत्रफल र ३९६७३ जनसंख्या रहेको २ नं.प्रदेशमा अवस्थित छ | | |
| १. | **स्थानीय संचितकोष** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ | | |

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | १३८९३१७१४२७ |
| | क) नगद | | २ | पूँजीगत खर्च | २१२५४०७१।०० |
| | ख) बैंक | ८९३०५५७१४६ | ३ | वित्तीय व्यवस्था भुक्तानी | |
| २ | राजस्व (आन्तरिक आय) | | | ख) व्याज भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १४७१९३९।६८ | | ग) अन्य भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | | ४ | लगानी | |

| दफा नं. | | भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| | | ग) अन्य आय | | | ऋण लगानी | | | |
| | | (घ) गत वर्षको वडाको फिर्ता | | | शेयर लगानी | | | |
| | ३ | वित्तीय हस्तान्तरण | | | अन्य लगानी | | | |
| | | क)वित्तीय समानीकरण अनुदान | १८५७५३०००\|०० | | धरौटी फिर्ता | ४७३७४८\|७१ | | |
| | | ख) सशर्त अनुदान | ७७६३६८९९\|०० | ५ | कोष खर्च | | | |
| | | ग) समपूरक अनुदान | ७५००००\|०० | ६ | मौज्दात | | | |
| | | घ) विशेष अनुदान | ४४१०१५७३\|०० | ७ | क) नगद मौज्दात | | | |
| | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ख) बैंक मौज्दात न | १६०९७१४१६\|६० | | |
| | | क)वित्तीय समानीकरण अनुदान | | | | | | |
| | | ख) सशर्त अनुदान | | | | | | |
| | | ग) समपूरक अनुदान | | | | | | |
| | | घ) विशेष अनुदान | | | | | | |
| | ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | | | |
| | ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | | | |
| | | क) ऋण प्राप्ति | | | | | | |
| | | ख) साँवा प्राप्ति | | | | | | |
| | | ग) ब्याज प्राप्ति | | | | | | |
| | | घ) अन्य प्राप्ति | | | | | | |
| | ६ | विभिन्न कोषतर्फको आय | | | | | | |
| | ८ | जनसहभागिता (नगद) | | | | | | |
| | ९ | विषयगत निकायबाट प्राप्त रकम | | | | | | |
| | १० | धरौटी आय | २९८६९८१\|४४ | | | | | |
| | ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| | | जम्मा | ३२१६३०९५०\|५८ | | जम्मा | ३२१६३०९५०\|५८ | | |

कोषको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| २. | **वजेट तथा कार्यक्रम**:-स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयगत क्षेत्र कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादातम्यता र परिपुरकता मिलाउने उल्लेख छ। साथै सोही ऐनको दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले वजेट तथा कार्यक्रम २०७४/११/२ मा मात्र सभावाट पारित गरेको छ। स्थानीय सरकार पहिलो पटक गठन भएकोले सो अनुसार हुन नसकेको जवाफ पेश भएको छ। | | |
| ३. | **आन्तरीक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। नगरपालिकाले सो अनुरुप प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तयार तथा कार्यान्वयन गरेको देखिएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन ।<br>• गुनासो सुनुवाई ,तालुक निकायवाट हुने निरिक्षण र निर्देशन कार्यान्वयनको अवस्था अत्यन्त कमजोर रहेको देखियो ।<br>• सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, सार्वजनिक सुनुवाई लगायतका कार्य गर्ने गरेको छैन ।<br>• सेवाग्राहीले पाएको सन्तुष्टिको दृष्टिकोणवाट कार्यालयले आफ्नो मूल्यांकन गर्ने गरेका छैन ।<br>• सञ्चालित कार्यक्रम तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी आंशिक रुपमा मात्र प्रतिवेदन तयार गर्ने गरेको छ ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ क अनुरुप कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना वनाएको पाइएन<br>प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउन उपरोक्त विषयमा सुधार गर्नुपर्दछ । | | |
| ४. | **श्रोतअनुमान तथा वजेट सिमा**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार कार्यान्वयन भएको पाइएन । | | |
| ५. | **वजेट तथा कार्यक्रम तर्जुमा**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । न.पा. ले कार्यक्रममा दोहोरोपना हुन नदिन आपसि तादाम्यता तथा परिपुरकता मिलाउने व्यवस्था पुरा गरेको देखिएन । | | |
| ६. | **स्थानीय तथ्यांक र अभिलेख**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | | |
| ७. | **लक्ष्य प्रगतिको स्थिति - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन ।** | | |
| ८. | **चौमासिक खर्च** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २.७२ प्रतिशत, दोश्रो चौमासिकमा १.७९ प्रतिशत र तेश्रो चौमासिकमा ९५.५० प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ६३.५५ प्रतिशत खर्च देखिनुले पहिलो र दोश्रो चौमासिकमा नगण्य खर्च भई खास खर्च तेश्रो चौमासिकमा र आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | | |
| ९. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी १४४ रहेपनि पदपूर्ति २७ मात्र रही ११७ पद रिक्त रहेका छन । दरवन्दी रिक्त रहेको कारण सेवा प्रवाह र कार्य सम्पादनमा असर परेको छ । संगठन संरचना अनुसार रिक्त दरवन्दी पूर्ति गराउन सम्वन्धीत मन्त्रालय र विभागले ध्यान दिनु पर्दछ । | | |
| १०. | **राजश्व अभिलेख** :आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | | |
| ११. | **सम्पत्ति हस्तान्तरण** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
| --- | --- | --- | --- |
| १२. | **बरबुझारथ** :मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले साविकका गाँउ विकास समिति र हालको नगरपालिकाका कर्मचारी र अन्य व्यक्ति तथा संघ संस्थाको नाममा के कति पेश्की तथा वेरुजु रहेको छ अभिलेख नराखेकोले यकिन गर्न सकिएन । तालुक मन्त्रालयको निर्देशन तथा परिपत्र अनुसार पेश्की तथा वेरुजु अद्यावधिक गरी आर्थिक प्रशासनलाई चुस्त दुरुस्त गर्नु पर्दछ । | | |
| १३. | **स्रोत नक्सांकन** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | | |
| १४ | **उपभोक्ता समिति** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कार्य गरेको पाईएकोले प्रचलित कानूनको पालना भएको पाईएन । | | |
| १५. | **वातावरणीय प्रभाव** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । यसरी वातावरण सुधार, ढल निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । नगरपालिको वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरी लागु गरीनु पर्दछ । | | |
| १६. | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत नराखेको र कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | | |
| १७. | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै स्थानीय निकायले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उक्त विद्युतीय लेखा नराखि परंपरागत म्यानुयल लेखा राखी लेखापरीक्षण गराएको छ । ऐन अनुसार उक्त विद्युतिय लेखा राख्नु पर्दछ । | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| १८. | **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। प्रभावकारी रुपमा उक्त सुनुवाई र परीक्षण भएको देखिएन। | | |
| १९. | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष छनौट गरेका योजनाहरु उल्लेखित प्रावधानको पूर्णपालना भएको नदेखिएको र उक्त कानुनी व्यवस्थाको पूर्ण रुपमा पालना गर्नु पर्दछ। | | |
| २०. | **तलवी प्रतिवेदन:--** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख.(२) बमोजिम कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन जिल्लास्थित कोष तथा लेखा नियन्त्रणको कार्यालयबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ। नगरपालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको छ। प्रतिवेदन पास नगरी तलब भत्ता खर्च रु ४७७१४४९।५२ लेखेकोले दरबन्दी अनुसारको तलब भत्ता र वार्षिक ग्रेड वृद्धि खर्च भिडान गरी परीक्षण गर्न सकिएन। ऐनको व्यवस्था अनुसार तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ | | |
| २१. | **अनुगमन तथा भ्रमण खर्च :-**भ्रमण खर्च नियमावली, २०६४ वमोजिम भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्वन्धित कार्यालयले अनुसूची-६ वमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने र भ्रमण सम्पन्न भई सके पछि भ्रमण प्रतिवेदन दिनु पर्ने व्यवस्था छ। न.पा. ले अनुगमन मूल्यांकन कार्यमा ४,८५,४७०। लेखेको छ। नगरपालिकाले निर्माण कार्यको रेखदेख, निरीक्षण तथा गुणस्तर नियन्त्रण कार्यको लागि खटिने पदाधिकारी तथा कर्मचारीको भ्रमण अभिलेख नराखेको र भ्रमणवाट फर्किए पछि भ्रमण प्रतिवेदन लिने व्यवस्थाको पालना गरेको देखिएन। तसर्थ नियमावलीको व्यवस्था वमोजिम भ्रमणमा खटाउने पदाधिकारीले भ्रमण गर्नेको भ्रमण अभिलेख र भ्रमण पश्चात भ्रमण प्रतिवदेन लिने व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था सुदृढ गरिनु पर्दछ। | | |
| २२. | **आर्थिक सहायता:** यो वर्ष नगरवासिलाई नगद तथा जिन्सी वितरण गरेको पाईयो। यस्ता सहायता वितरण पूर्व नगर सभावाट पारित गरेको कार्यविधि तयार गरेर मात्र वितरण गर्नु पर्ने देखिन्छ। | | |
| २३. | **सामाजिक सुरक्षा तर्फ :**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १४ को (५) मा सामाजिक सुरक्षा कार्यकमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा प्रत्येक गाउँपालिका वा नगरपालिकाले फिज गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले यस वर्ष वडा नं ९ का वडा सचिव श्री दिनेश प्रसाद कुमाललाई पेश्की दिइ मिति २०७५।५।२६ मा फछ्र्यौट गर्दा रु १०४००।०० फिर्ता भई नगरपालिका चालु खातामा दाखिला गरेको पाइयो। कार्यक्रम संचालन कार्यविधि अनुसार सो रकम यथासिघ्र संघीय राजश्व शीर्षक नं. १५१११ मा दाखिला गर्नुपर्ने रु . | १०४००।- | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| २४ | **लगत अद्यावधिक नगरी बढी भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १२ को उपदफा (१) वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाको पौष मसान्त भित्र अनुसुचि–७ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नुपर्ने उल्लेख छ । बहुदरमाई नगरपालिका अर्न्तगतका निम्न वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगराएको र पहिलो र दोस्रो चौमासिकको वितरण भरपाई परीक्षण गर्दा लगतमा उल्लेखित संख्यात्मक विवरण भन्दा बढीको भरपाई राखी रु ३,००,०००। बढी खर्च लेखेको पाइयो । लगतमा उल्लेखित सख्या भन्दा बढी खर्च लेख्ने कर्मचारीलाई जिम्मेवार बनाई असुल हुनुपर्ने देखिएको रु | ३०००००।०० | |

| वडा नं. | भत्ता वितरण गर्ने वडा सचिव | लाभान्वित समुह | अद्यावधिक लगत संख्या | पहिलो चौमासिक वितरण संख्या | दोस्रो चौमासिक वितरण संख्या | तेश्रो चौमासिक वितरण संख्या | वढी संख्या | दर | वढि रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | श्री राम अयोध्या प्रसाद | जेष्ठनागरिक+७० | २०४ | २२५ | | | २१ | ८००० | १६८००० |
| | | दलित | २० | २६ | | | ६ | ४००० | २४००० |
| | | नागरिक+६० | ७६ | ७९ | | | ३ | ४००० | १२००० |
| | | एकल महिला | ७ | ९ | | | २ | ८००० | १६००० |
| | | पूर्ण अपाङ | | | | | | | |
| ७ | श्री दिलिप कुमार गुप्ता | जेष्ठनागरिक+७० | १०६ | | ११४ | | ८ | ८००० | ६४००० |
| | | एकल महिला | ५५ | | ५९ | | ४ | ४००० | १६००० |
| जम्मा | | | | | | | | | ३०००००।०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| २५. | **लाभग्राहीको नाम नवीकरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस नगरपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ नगरपालिका ध्यान जानुपर्दछ | | |
| २६. | **५ वर्ष उमेर पुगेका वालवालिकालाई भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ३ को खण्ड (थ) वमोजिम ५ वर्ष उमेर नपुगेका नेपालभरका दलित परिवारका वालवालिकालाई प्रत्येक चौमासिकमा भत्ता वितरण गर्ने प्रावधान रहेकोमा यस नगरपालिकाले वडा नं ५ का निम्न वालवालिकाहरुलाई ५ वर्ष उमेर पुरा भएपछि पनि कार्यविधि विपरित तेस्रो चौमासिक भत्ता | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | वितरण गरेकाले भत्ता वितरक वडा सचिव श्री प्रमोद यादव लाई जिम्मेवार बनाई रु. ३३,२००। असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ३३२००।०० | |

| क्र.स. | सि.नं. | बालबालिकाको नाम, थर | जन्म मिति | ५ वर्ष पुग्ने मिति | बढि रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २६ | अन्सु कुमारी | २०६९/९/५ | २०७४/९/५ | १६००/- | |
| २. | २७ | रविनेश राम | २०६९/१०/५ | २०७४/१०/५ | १६००/- | |
| ३. | ५२ | कान्ति कुमारी | २०६९/९/४ | २०७४/९/४ | १६००/- | |
| ४. | ५३ | भुनरमा कुमारी | २०६०/२/२ | २०६५/२/२ | १६००/- | |
| ५. | ५४ | ममिता कुमारी | २०६९/९/७ | २०७४/९/७ | १६००/- | |
| ६. | ६० | मुनरमा कुमारी | २०६९/१०/२४ | २०७४/१०/२४ | १६००/- | |
| ७. | ७१ | धनराज महरा | २०६९/६/९ | २०७४/६/९ | १६००/- | |
| ८. | ७२ | राहुल राम | २०६९/७/८ | २०७४/७/८ | १६००/- | |
| ९. | ७४ | सुन्धु कुमारी | २०६९/६/१० | २०७४/६/१० | १६००/- | |
| १०. | ७५ | राहुल पासवान | २०६९/७/१० | २०७४/७/१० | १६००/- | |
| ११. | ७६ | आशा कुमारी | २०६९/९/२६ | २०७४/९/२६ | १६००/- | |
| १२. | ७७ | रिमा कुमारी | २०६९/१२/१० | २०७४/१२/१० | १६००/- | |
| १३. | ७८ | टेगर राय | २०६९/९/५ | २०७४/९/५ | १६००/- | |
| १४. | ८२ | सन्देवा कुमारी | २०६९/११/२६ | २०७४/११/२६ | १६००/- | |
| १५. | ८९ | सिता कुमारी | २०६९/७/२ | २०७४/७/२ | १६००/- | |
| १६. | १०९ | सन्देव कुमारी | २०६९/११/२८ | २०७४/११/२८ | १६००/- | |
| १७. | ११४ | निशा कुमारी | २०७०/२/१० | २०७५/२/१० | ४००/- | |
| १८. | १३३ | नन्दनी कुमारी | २०६९/१२/१ | २०७४/१२/१ | १६००/- | |
| १९. | १३८ | ललन कुमार | २०६९/९/१० | २०७४/९/१० | १६००/- | |
| २०. | १३९ | पिन्की कुमारी | २०६९/१०/११ | २०७४/१०/११ | १६००/- | |
| २१. | १४१ | राजनन्द कुमारी | २०७०/१/७ | २०७५/१/७ | ८००/- | |
| २२. | १५० | नन्दनी कुमार | २०६९/१२/१ | २०७४/१२/१ | १६००/- | |
| | | जम्मा | | | ३३२००/- | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| २७. | **भरपाई विनाको खर्च:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १५ को (ङ) मा सामाजिक सुरक्षा वापत लिएको पेश्की रकम प्रत्येक चौमासिकमा खर्च भई बाँकी रकम फिर्ता गर्नुपर्ने उल्लेख छ। नगरपालिकाकाले गौ.भ ४, मिति २०७५।८।२० बाट वडा नं. ५ को तेस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्दा २२० जना बालबालिकाको १६०० को दरले रु. ३,५२,०००।०० खर्च लेखेकोमा भरपाई वेगरको रु. ६,४००।०० खर्च लेखेको पाइयो। भरपाई वेगर लेखेको श्रेस्ता परिक्षण गर्दा तपसिल बमोजिमका ४ बालबालिकाको भरपाई वेगरको खर्च लेख्ने कर्मचारीलाई जिम्मेवार बनाई पेश्की लिने वडा सचिव श्री प्रमोद यादवबाट फिर्ता प्राप्त गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु................................ | ६४००।०० | |

| सि.न | भत्ता पाउनेको नामावली | रकम |
|---|---|---|

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td><table>
<tr><td>१७६</td><td>आशा कुमारी</td><td>१६००/-</td></tr>
<tr><td>१७८</td><td>शिवा राउत डोम</td><td>१६००/-</td></tr>
<tr><td>१९५</td><td>राजनी कुमारी</td><td>१६००/-</td></tr>
<tr><td>२१२</td><td>मनीता कुमारी पासवान</td><td>१६००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६४००/-</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>२८.</td><td>१८।२०७४।१२।१५ पेश्की फछ्र्यौट : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १५ को उपखण्ड (ई) मा पेश्की रकम लिने प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भरपाई सहित खर्च भई बाँकी रहको रकम फिर्ता गर्नुपर्ने उल्लेख छ । नगरपालिकाको वडा नं.७ को वडा सचिव प्रमोद यादवलाई प्रथम चौमासिकको सामजिक सुरक्षा भत्ता वितरण गर्न दिएको पेश्की रु १२,७२,०००। फछ्र्यौट गर्दा रु <u>१२१८४००।००</u> भर्पाइ र रु ३९२००।०० वैक दाखिला भौचर गरी जम्मा रु १२,५७,६००। आधारमा रु १२७२०००।०० पेश्कीको फछ्र्यौट गरेको पाइयो । भर्पाइ र दाखिला भन्दा वढी पेश्की फछ्र्यौट गरेको रु १४,४००। फिर्ता प्राप्त गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१४४००।००</td><td></td></tr>
<tr><td>२९.</td><td>लगत पेश नभएको : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १२ को उपदफा (१) वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाको पौष मसान्त भित्र अनुसुचि–७ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । बहुदरमाई नगरपालिका अर्न्तगतका १,४,५,६,८ र ९ नं वडाहरुले लेखापरीक्षणको क्रममा अद्यावधिक लगत पेश नगरेकोले भत्ता वितरण यकिन गर्न सकिएन । संख्यात्मक विवरण र फोटो सहितको लगत अद्यावधिक गरी सामाजिक सुरक्षा खर्चलाई व्यवस्थित गरिनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>३०.</td><td><u>खर्चको विल भरपाई</u> :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा खर्चको विल भर्पाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्षमा स्वीकृत वार्षिक कार्यक्रम भित्रका विभिन्न कियाकलापहरु संचालन गरी खर्च लेखेको श्रेस्ता परीक्षण गर्दा निम्न कार्यक्रमको विल भर्पाइ र खर्चको पुष्ट्याँइ गर्ने कागजात पेश भएको पाइएन । यस्तो कार्यमा खर्च जाँच गर्ने र स्वीकृत गर्ने पदाधिकारी जिम्मेवार हुनु पर्दछ । विल भरपाई वेगरको उक्त खर्चले वास्तविक खर्च एकिन नभएकोले खर्च भएको विश्वासनिय आधार र प्रमाण स्थापीत हुने कागजात पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्ने देखिएको रु.<table>
<tr><th>सि.नं.</th><th>वजेट उपशिर्षक</th><th>गो.भौ./मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>८०१६३६३ वित्तीय समानिकरण</td><td>३। २०७५।३।२५</td><td>नगर प्रमुख श्री नितेन्द्र प्रसाद तेली २०७५।३।१८ मा ( २ जुलाई २०१६, ५०६ फ्लाइट नं ) जनकपुरबाट काठमाडौको हवाई यात्रा गर्दाको रु ३८००।- खर्चलेखेकोमा वोर्डिङ पास पेश भएको छैन । वोर्डिङ</td><td>३८००।-</td></tr>
</table></td><td>१२०१३००।००</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | | पास वेगर हवाई टीकट वापतको रकम भुक्तानी गर्न नमिल्ने भएकोले प्रमाण पेश गर्नु हुने अन्यथा असूल गर्नुपर्ने | | | |
| | २. | | २३४।२०७५।३।२७ | कार्यालयले परामर्शदाता विकास नेपाल,पर्सा वीरगंजलाई नगर प्रोफाइल तयार गरे वापत रु २९७५००। भुक्तानि गरेकोमा वील विजक पेश भएन । खर्चलेख्ने पदाधिकारीलाई जिम्मेवार वनाई खर्चको विल विजक पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु | २९७५००।०० | | |
| | ३ | | २३९।२०७५।३।२७ | नगरपालीकाले आर्दश सिड एग्रो ट्रेडसबाट जिंक ७५०० के जी को प्रति के.जिको १२०।- को दरले रु ९०००००। खरिद गरेर ९ वटा वडाहरुलाई एकमुष्ट वडाहरुको भपाई मात्र भएको सम्वन्धित किसानहरुलाइ वितरण गरेको भपाई पेश भएन । किसानले वुझेको भर्पाइ पेश हुनु पर्ने रु | ९०००००।०० | | |
| ३१. | **इन्धन खर्च** :नगरपालिकाले भाडामा लिएको सवारी साधन (जिपको) इन्धन खर्च रु ३५०,९३७- भुक्तानी गरेको छ । इन्धन खर्च पुष्टयाँइ गर्न सवारी लगवुक राख्ने नगरेकोले उक्त खर्चको यथार्थता यकिन गर्न सकिएन । सवारी इन्धन खर्चलेख्दा अनिवार्य पारित नर्मस अनुसार मात्र उपलव्ध गराई सवारी लगवुक राख्नुपर्दछ । | | | | | | |
| ३२. | **मुल्य अभिवृद्धिकरमा दर्ता :** सार्वजनिक निकायले वीस हजार रकम भन्दा वढीको खरिद गर्दा वा निर्माण कार्य गराउदा स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका सँग खरिद गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा छ । लेखापरीक्षणमा छनौट गरिएका केहि गोश्वरा भौचर परीक्षण गर्दा नगरपालिकाले तपसिल वमोजिमका विक्रेतावाट रु २० हजार भन्दा वढीको सामाग्री खरिद गरेकोमा स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । प्रचलित कानुनको पालना नगरी गरेको खरिद कार्य अनियमित देखिएको । | | | | | | |

| गो.भौ.नं र मिति | विवरण | विक्रेता | रकम |
|---|---|---|---|
| ३२/२०७५/१/१४ | स्टेशनरी सामान | माँ भवानी स्टेशनरी | ५६१२५.०० |
| ३३/२०७५/१/१४ | कार्यालय सामान | घर संसार गिफ्ट सेन्टर | २१०००.०० |
| जम्मा | | | ७७१२५.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ३३. | **विज्ञापनमा छुट/सहुलियत नलिएको :** गोरखापत्र संस्थान धर्मपथ काठमाडौले सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको कार्यालयको मिति २०७४।४।२३ को पत्रमा उल्लेख छ । गोरखापत्र वाहेक अन्य प्रकाशन समेतले सरकारी सूचना तथा विज्ञापनमा २० देखि ३५ प्रतिशत छुट दिने गरेको पाइन्छ । नगरपालिकाले सार्वजनिक निर्माण र मालसामान खरिद कार्यको वोलपत्र र सिलवन्दी दरभाउपत्रको सूचना विभिन्न प्रकाशन संस्था मार्फत गराएको उल्लेख गरी तपसिलका विज्ञापन एजेन्सी र प्रकाशन संस्थालाइ विल रकम रु ७७०७०० मा मुल्य अभिवृद्धि कर थप समेत रु ८७०८९१।०० भुक्तानी दिएकोमा छुट सहुलियत लिएको देखिएन । २५ प्रतिशत छुट नलिदा रु १९२६७५।०० वढी व्ययभार परेको छ । नगरपालिकाले छुट लिइ व्ययभार कम गर्ने व्यवस्था हुनु पर्दछ । | | |

| वजेट शिर्षक | गो.भौ.नं. र मिति | विज्ञापन एजेन्सी | प्रकाशन संस्था | वील रकम | मु.अ कर | जम्मा | पाउनेछुट |
|---|---|---|---|---|---|---|---|
| वित्तीय समानीकरण पूजिगत | १५/२०७५/१/५ | एन सि. एडभरटाइजिङ | अन्नपूर्ण पोष्ट | १६८००० | २१८४० | १८९८४० | ४२००० |
| | १६/०७५/१/५ | सारा ग्रुप प्रा.ली. | नयाँ पत्रिका | २१६०० | २८०८ | २४४०८ | ५४०० |
| | १७/०७५/१/७ | फ्युचर हव मिडिया प्रा.ली | नेपाल समाचार पत्र | ११५२०० | १४९७६ | १३०१७६ | २८८०० |
| | २०/०७५/१/७ | प्रतिक प्रकाशन समूह | प्रतिक रा.दैनिक | ३५००० | ४५५० | ३९५५० | ८७५० |
| | ४०/०७५/२/२३ | प्रतिक प्रकाशन समूह | प्रतिक रा.दैनिक | ४१५०० | ५३९५ | ४६८९५ | १०३७५ |
| | ४१/०७५/२/२३ | इकोनोमी मिडिया | अन्नपूर्ण दैनिक | १०५६०० | १३७२८ | ११९३२८ | २६४०० |
| | | इकोनोमी मिडिया | अन्नपूर्ण दैनिक | १५०००० | १९५०० | १६९५०० | ३७५०० |
| | ४५/०७५/३/१ | प्रतिक प्रकाशन | प्रतिक दैनिक | ४०५०० | ५२६५ | ४५७६५ | १०१२५ |
| | | प्रतिक प्रकाशन | प्रतिक दैनिक | ४०५०० | ५२६५ | ४५७६५ | १०१२५ |
| | ५८/०७५/३/१९ | इकोनोमी मिडिया | अन्नपूर्ण दैनिक | ५२८०० | ६८६४ | ५९६६४ | १३२०० |
| | | | | ७७०७०० | १००१९१ | ८७०८९१ | १९२६७५ |

| | | | |
|---|---|---|---|
| ३४ | **उपभोक्ता समिति मार्फत निर्माण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्तावाट निर्माण भएको कामको रेखदेख मर्मत संभारको जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्ने र उपनियम १५ मा हस्तान्तरीत योजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्ने र त्यस्तो कोष खडा गरी सोहि कोषवाट निर्माण कार्यको सञ्चालन र मर्मत सम्भार गर्नु पर्ने उल्लेख छ । सार्वजनिक निकायले काम गराउने उपभोक्ता समिति सम्वन्धित निकायमा दर्ता हुनुपर्ने, समितिले आन्तरिक राजश्व कार्यालयमा दर्ता भइ स्थायी लेखा नम्वर लिएको हुनुपर्ने,त्यस्तो समितिको स्वतन्त्र लेखापरीक्षकवाट आयव्ययको लेखापरीक्षण हुनु पर्ने,उपभोक्ता समितिको सञ्चालन पारदर्शिताको सिद्धान्तवाट सञ्चालन भएको हुनु पर्दछ । नगरपालिकाले उपभोक्ता समितिवाट गराएको काम को परिक्षण गर्दा अधिकांश काम रोजगारी सिर्जना गर्ने खालको नभई वजारवाट सामान खरिद गरेको , अधिकांश उपभोक्ता समिति कानून अनुसार दर्ता भई वैधानिकता प्राप्त नगरेको, सम्पन्न योजना हस्तान्तरण नभएको, त्यसको अपनत्व वेवारिसे | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | भएको जस्ता अवस्था देखिन आयो । उपभोक्ता समितिवाट भएको कार्य गर्न लागत अनुमानकै दरमा हुने गरेको,उपभोक्ता समितिले पेश गरेको वील भर्पाई भुक्तानी रकम भन्दा वढी हुने गरेको, कतिपय समिति संग श्रमदानको अंश नव्यहोरिने गरी सम्झौता गरेको, नगरपालिकाले व्यहोर्नु पर्ने अंश भन्दा वढी रकम व्यहोरेको उपभोक्ता समितिले सामान खरिद गर्दा भुक्तानीमा कर कट्टा गर्ने नगरेको आदि अवस्था छ । सडक स्तरोन्नति ढल निर्माण, सडक निर्माण जस्ता कार्य उपभोक्ता समितिवाट गराउदा गुणस्तरमा समेत असर पर्ने हुदा यस प्रकारको कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ । | | |
| ३५. | **संझौता भन्दा वढी भुक्तानी :** उपभोक्ता समिति वा लाभग्राही समूदायवाट निर्माण कार्य वा सेवाको काम गराउदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी गर्नु पर्ने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उल्लेख छ । नगरपालिकाले वित्तीय समानीकरण पूँजीगत वजेट शिषर्कवाट यस वर्ष उपभोक्ता समिति मार्फत गराएका निर्माणकार्य को नमूना स्रेस्ता परीक्षण गर्दा उपभोक्ता समिति संग भएको सम्झौता निर्माण कार्यको लागत अनुमानमा उपभोक्ताले गर्नु पर्ने जनश्रमदान र व्यहोर्नुपर्ने रकम उल्लेख भएकोमा नगरपालिकाले निर्माण कार्यको भुक्तानी गर्दा उपभोक्ताको अंश कट्टा नगरी मूल्यांकनको पूरै रकम भुक्तानी गरेको देखिन्छ । कुल मुल्यांकनको पुरै रकम भुक्तानी गरेको कारण तपसिल वमोजिमका निर्माण कार्यवाट नगरपालिकालाई रु ४४७२३५।०० व्ययभार परेको छ । वढी व्ययभार पारी खर्चलेख्ने पदाधिकारीलाइ जिम्मेवार वनाई वढी भुक्तानी पाउने उपभोक्तावाट असूल गरी नगरपालिकाको संचित कोष दाखिला गर्नु पर्ने रु | ४४७२३५ | |

| गौ.भौ.नं र मिति | निर्माण कार्य | मुल्यांकन रकम | न.पा.ले व्यहोर्नु पर्ने रकम | उपभोक्ता समितिले गर्नुपर्ने योगदान | भुक्तानी | थप व्यय भार |
|---|---|---|---|---|---|---|
| ६९/२०७५/३/२९ | शान्ति श्रृजना प्रा.विको भवन निर्माण | ४५०६७५ | ३८३०७४ | ६७६०१ | ४५०६७५ | ६७६०१ |
| ७०/२०७५/३/२९ | महाविर प्रसाद हाइस्कूल को कम्पाउण्ड वाल निर्माण | ५४२२१६१ | ४६०८३७ | ८१३२४ | ५४२२१६१ | ८१३२४ |
| ७१/२०७५/३/२९ | राम जानकी मन्दिर कम्पाउण्ड वाल निर्माण | २६६५९६ | २२६६०७ | ३९९८९ | २६६५९६ | ३९९८९ |
| ७२/२०७५/३/२९ | पटन देवी मन्दीर निर्माण कार्या | ४००२९१ | ३४०२४७ | ६००४४ | ३९९५१२ | ६००४४ |
| ७३/२०७५/३/२९ | ने.रा.प्रा.वि. सिसिडिया वैरियाको पर्खाल निर्माण तथा मर्मत | १३२१८६४ | ११२३५८५ | १९८२७७ | १३२१८६४ | १९८२७७ |
| | | | | | जम्मा | ४४७२३५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ३६. | **खरिद :** सार्वजनिक निकायले कुनै पनि खरिद कार्यको लागि लागत अनुमान वनाउनु पर्ने व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा उल्लेख छ। खरिद कार्यको लागत अनुमान वनाए पश्चात सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ र २२ वमोजिम सम्झौता गरी माल समान खरिद वा निर्माण कार्य सम्पन्न भए पश्चात स्पेशिफिकेशन र डिजाइन वमोजिमको कार्य भए नभएको प्राविधिक मूल्यांकन गराई भुक्तानी गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा उल्लेख छ। नगरपालिकाले भुक्तानी खर्च लेखेको खरिद कार्यको नमूना परीक्षण गर्दा निम्न २ खरिद कार्यको लागत अनुमान तयारी, स्वीकृति र संझौता नभएको साथै खरिद कार्यको लागत अनुमान तयारी, स्वीकृति,र सम्झौता नगरेको र प्रविधिक मूल्यांकन वेगरको भुक्तानीवाट भएको खरिद कार्य मात्रले सडकमा वत्ती जडान गरी विद्युतिकरण भएको को पुष्टि नभएकोले नियम सम्मत नदेखिएको रु | ९९९२२६।०० | |

| गो.भौ.नं र मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३/२०७४/७/१२ | एल ई डि वल्व स्वीच होल्डर र तार खरिद | स्नेहा ट्रेडर्स | ४९९२७९ |
| ३६/२०७५/२/२० | सडक वत्ति निर्माण | कल्कत्ता ट्रेडिङ | ४९९९४७ |
| | | | ९९९२२६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ३७. | **उपभोक्ता समितिको योगदान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्वन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितवाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकामा पेश गर्नु पर्ने र सम्वन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने उल्लेख छ। नगरपालिकावाट यस वर्ष विनियोजित रकमवाट केहि काम उपभोक्ता समिति मार्फत गराएको छ। उपभोक्ता समितिवाट काम गराउदा गरिने सम्झौतामा जनश्रमकोपरिमाण र रकम समेत उल्लेख गरी सम्झौता गर्नु पर्नेमा केहि योजनाको सम्झौतामा सो नखुलेको साथै उपभोक्ता समितिको योगदानको अंशको परिमाण र रकम स्पष्ट खुल्ने गरी नापी किताव र ठेक्का विलमा उल्लेख गरेको छैन। जन श्रमदानको अंस परिमाण र रकमको पूण विवरण स्पष्ट नजनाउदा नियमानुसार सम्झौता अनुसारको कार्य सम्मन्न भए नभएको स्पष्ट भएन। उपभोक्ताले गरेको योगदानको परिमाण र रकम नापी किताव र उपभोक्ताको वीलमा उल्लेख गर्नु पर्दछ। यस सम्वन्धि उदाहरण यस प्रकार छन्। | | |

| गो.भौ.नं र मिति | निर्माण कार्य | लगत अनुमान | मूल्यांकन | भुक्तानी रकम |
|---|---|---|---|---|
| ६८/२०७५/३/२९ | मुखदेव शुशिला मा.वि.राम नगरीको कम्पाउण्ड वाल | २५२८७५ | २५२८७५ | २५२८७५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | ७३/०७५/३/२९ \| ने.रा. प्रा.वि.सिसिडिया वैरियाको पर्खाल निर्माण \| १७११७६५ \| १३२१८६४ \| १३२१८६४ | | |
| | \| \| \| १५७४७३९ \| १५७४७३९ | | |
| ३८. | **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यावसायीको ढीलाइको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई १० प्रतिशत नवढ्ने गरी प्रति दिन सम्झौता रकमका ०.०५ प्रतिशत का दरले पूर्व निर्धारिन क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले २ प्रकारका सवारीसाधनको खरिद कार्य गर्दा खरिद सम्झौतामा तोकिएको अन्तिम समय भन्दा ढीलो गरी आपूर्ति गरेकोमा समेत पूर्व निर्धारित क्षतिपूर्ति लगाएको पाइएन । समयमा आपूर्ति नगरेको र ढीलो गरी आपूर्ति गरेकोमा नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु | ४२३९२१०० | |

| आपूर्तक | विवरण | ठेक अंक | संझौता मिति | आपूर्ति गर्नुपर्ने मिति | आपूर्ति भएको | विलम्व दिन | क्षतिपूर्ति रकम |
|---|---|---|---|---|---|---|---|
| गोमति अटोमोवाइल्स | ट्रयाक्टर १ | १६६४२०० | २०७५/१/१४ | २०७५/२/१३ | २०७५/३/१२ | २९ | २४१३१ |
| रितिक इन्टरप्राइजेज | मोटर साइकल ६ | १२१७४०० | २०७५/१/१३ | २०७५/२/१२ | २०७५/३/१२ | ३० | १८२६१ |
| | | | | | | जम्मा | ४२३९२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ३९. | **नापी भन्दा वढी भुक्तानी** :कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २६(८)मा उल्लेख छ । नगरपालिकाले चेनेज नम्वर ० देखि ० +२९३ सम्मको सडकमा माटो पुर्ने, वेस,सववेस र आर सि सि ढलान गर्ने कार्यको अन्तिम विल सम्मवाट प्रतिभा निर्माण सेवालाई रु २६७४४६३ भुक्तानी दिएको सम्वद्ध नापी किताव र रनिङ्ग विल परीक्षण गर्दा विल अफ क्वान्टीटीको तपसिलका २ आइटममा नापी किताव अनुसारको खुद कार्य परिमाण भन्दा वढी भुक्तानी भएको रकम असूल गर्नु पर्ने रु | १०५४२१०० | |

| विवरण | नापी परिमाण(घ.मी | भुक्तानी परिमाण(घ.मी) | वढी परिमाण(घ.मी) | दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| माटो पुर्ने कार्य | ३९५.९५ | ४१२.६० | १६-७ | ४७४.६० | ७९२६.०० |
| वेस सव वेस र सोल्डर को कार्य | १३०.९५ | १३२ | १.५ | २४९१.६५ | २६१६ |
| | | | | जम्मा | १०५४२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | (ग)लक्ष्य प्रगति निकासा रकमबाट नगरपालिमा ९ वटै वडामा पोषण सम्वन्धी सर्वेक्षण,जैविक कृषि मल तथा ३ दिने सासु वुहारी तालिम समेत संचालन गरेको छ ।<br>(घ) आन्तरिक नियन्त्रण :खर्चका विल भर्पाइहरुमा paid from UNICEF grant लगाउर्नु पर्ने व्यवस्था भएकोमा उक्त व्यवस्थाको पालना नगरी विल भर्पाइ राखेको पाइयो । तोकिएको निर्देशन पालन हुनु पर्दछ । | | |
| ४२ | **वित्तीय जवाफदेहिता** :- लेखापरीक्षणको क्रममा कार्यालयको व्यवस्थापकीय पक्ष,वित्तीय व्यवस्थापन पक्ष,सेवा प्रवाह,खरिद व्यवस्थापन/ विकास निर्माण सम्वन्धमा वित्तीय जवाफदेहिता मुल्यांकन गर्दा यस कार्यलयले B ग्रेडिङ प्राप्त गरेको छ। मूल्यांकन गरेको फारम प्रतिवेदन साथ संलग्न छ। वित्तीय जवाफदेहिता का कमजोरी हटाउन कायालय प्रमूख , लेखाप्रमुख तालुक कार्यालय र सम्वन्धित सवै निकाय र कर्मचारी जिम्मेवार हुनु पर्ने देखिन्छ । | | |
| ४३ | **अनुगमन मूल्यांकन** :-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ ले वेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वेरुजुको लगत नराखेकोले लगत र फछ्र्यौटको विवरण पेश भएन। लगत राखी वेरुजु रकम ऐन अनुसार फछ्र्यौट गरी सम्परिक्षण गराउनु पर्दछ । | | |
| ४४ | **अद्यावधिक वेरुजु स्थीति** :-वहुदरमाई नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजुकोलगत यकिन गरि नराखेको र संपरीक्षणको लागि पेश गरेको छैन । | | |

## स्रोत उपयोग र उपलब्धिको विवरण

**कार्यालयको नाम :-** वहुदरमाई नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, पर्सा **आ.व.:-२०७४/७५**

| क्र.सं. | स्रोत | | मुख्य उपलब्धिहरु | |
|---|---|---|---|---|
| १. | बजेट विनियोजन | ३२०३८९००० | १. बजेट खर्च | १६०१८५००।०० |
| २. | कर्मचारी संख्या | २७ | २. राजस्व असुली | १४७१९३९.६८ |
| ३. | भौतिक पूर्वाधार: | | ३. धरौटी आम्दानी | २५१३२३२.७३ |
| | • भवन संख्या | ० | ४. कार्यक्रम उपलब्धि | |
| | • सवारी साधन संख्या | १७ | ५. कार्यसम्पादन मूल्यांकनको प्रगति | |
| | ❖ जीप | | ६. सेवा प्रवाह | |
| | ❖ मोटरसाइकल | | • | |
| | ❖ | | • | |

# वित्तीय जवाफदेहिता मूल्याङ्कन

कार्यालयको नाम: बुद्धशान्ति नगर नगरकार्यपालिकाको कार्यालय आर्थिक वर्ष: २०७४।७५

| क्र.सं. | सूचकहरू (Indicators) | कूल अङ्कभार | कूल प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| | | २५ | ०-५ | |
| १. | **व्यवस्थापकीय पक्ष (सूचक संख्या : ५)** | | | |
| | i. संगठन संरचना, दरबन्दी र पदपूर्ती, कार्यविवरण तथा जिम्मेवारी बाँडफाँडको स्थिति, | ५ | २ | |
| | ii. सञ्चालित कार्यक्रम वा सेवाको अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता, | ५ | ४ | |
| | iii. कार्यालयको भौतिक पूर्वाधार तथा सरसफाईको अवस्था, | ५ | ३ | |
| | iv. गुनासो सुनुवाई तथा तालुक निकायबाट हुने निरीक्षण र निर्देशन कार्यान्वयको अवस्था, | ५ | ३ | |
| | v. सरकारी सम्पत्तिको लगत, संरक्षण, जिन्सी निरीक्षण तथा सोको प्रतिवेदन कार्यान्वयन स्थिति | ५ | ३ | |
| | **जम्मा प्राप्त** | | | |
| | | २५ | ०-५ | |
| २. | **वित्तीय व्यवस्थापन पक्ष (सूचक संख्या : ५)** | | | |
| | i. निकायको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वयनको स्थिति, | ५ | ३ | |
| | ii. विनियोजन, राजस्व, धरौटी लगायत सबै आर्थिक कारोबार अभिलेख र प्रतिवेदनको अवस्था, | ५ | ३ | |
| | iii. आन्तरिक लेखापरीक्षण र सोबाट औंल्याइएका व्यहोरा कार्यान्वयनको स्थिति, | ५ | ३ | |
| | iv. अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजूको लगत र फछ्र्यौटको स्थिति, | ५ | ३ | |
| | v. वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था । | ५ | ३ | |
| | **जम्मा प्राप्त** | | | |
| | | २५ | ०-५ | |
| ३. | **सेवा प्रवाह (सूचक संख्या : ५)** | | | |
| | i. कार्यालयमा रहेका सेवा प्रवाहसँग प्रत्यक्ष सरोकार राख्ने मेसिन तथा उपकरणहरु प्रयोग रहे नरहेको, | ५ | ३ | |
| | ii. सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाहको स्थिति, | ५ | २ | |
| | iii. सेवा मापदण्ड निर्धारण, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली, हेल्प डेक्स प्रणाली कार्यान्वयनको अवस्था | ५ | ३ | |
| | iv. निकायबाट प्रवाह हुने सेवाको नागरिक बडापत्र तथा सेवाको गुणस्तर सुधारका सम्बन्धमा उपयुक्त उपायहरुको अवलम्बन, | ५ | ३ | |
| | v. कार्यालयको सेवामा मध्यस्थ वा विचौलिया उपस्थितिको अवस्था । | ५ | ३ | |
| | **जम्मा प्राप्त** | | | |
| | | २५ | ०-५ | |
| ४ | **खरिद व्यवस्थापन/विकास निर्माण (सूचक संख्या : ५)** | | | |
| | i. खरिद कार्यको स्पेसिफिकेसन, डिजाइन र लागत अनुमान यथार्थताको अवस्था, | ५ | ३ | |
| | ii. खरिद विधिको पालना र प्रतिस्पर्धाको स्थिति, | ५ | ३ | |
| | iii. ठेक्का व्यवस्थापनमा समयतालिकाको पालना र पुँजीगत खर्चको स्थिति, | ५ | ३ | |
| | iv. ठेक्काको सम्झौताअनुसार खरिद कारबाहीको सम्पन्नता तथा सम्झौताअनुसार खरिद कार्य नभएको अवस्थामा त्यसउपर गरिएको कारबाहीको स्थिति, | ५ | ३ | |
| | v. तोकिएको मापदण्डअनुसार सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको स्थिति । | ५ | ४ | |
| | **जम्मा प्राप्त** | | ६० | |
| | **कुल जम्मा प्राप्त** | १०० | ६०% | |

कुल पूर्णाक: १०० प्राप्ताङ्क: ६० प्रतिशत: ६०% प्राप्त ग्रेडिङ: B

| तह | स्कोर | ग्रेडिंग प्रदान गर्ने आधार: |
|---|---|---|
| अति उत्तम | ८० –१०० प्रतिशत | A |
| धेरै राम्रो | ६० –७९ प्रतिशत | B |
| राम्रो | ४० –५९ प्रतिशत | C |
| सामान्य | ४० भन्दा घटी प्रतिशत | D |